# झापा जिल्ला अदालत

## सिलवन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः-२०७८।०९।१९**

बिभिन्न मुद्दामा दशी स्वरूप दाखिल हुन आएका यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका तपशिल बमोजिमका दुईपाङ्ग्रे सवारीसाधन (मोटरसाइकल, स्कुटर) हाल जे जस्तो अवस्थामा छन सोहि अवस्थामा लिलाम बिक्री गर्न निम्न सर्तहरूको अधिनमा रहि इच्छुक नेपाली नागरिक फर्म,संस्था वा कम्पनीवाट रितपूर्वक सिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

तपशिल

| सि.नं. | जिन्सी नं. | सवारी साधनको विवरण | बनेको साल | समितिको मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११३० | मे४प ९०८२,Honda Dio 109cc<br>च्या.नं.ME4JF391HC8055700<br>इ.नं.JF39E-0055755 | २०१२ | रू.२७,५००।- | दर्ता हुने |
| २ | १०६५ | मे७प ५७३४,Bajaj pulsar AS 150cc<br>च्या.नं.MD2A82DZ2FCE38007<br>इ.नं.JEZCFE40347 | २०१५ | रू.७२,५००।- | दर्ता हुने |
| ३ | ९४४ | मे६प५९४२TVS Apache 160cc<br>च्या.नं.MD634KE41C2N35364<br>इ.नं.OE4NC2422555 | २०१५ | रू.७१,०००।- | दर्ता हुने |
| ४ | ६८६ | मे६प४८९२,Yamaha 150cc<br>च्या.नं.ME11PS077E2002427<br>इ.नं.1PS7002334 | २०१४ | रू.५५,०००।- | दर्ता हुने |
| ५ | ९१८ | मे३प ४६९५,Bajaj 150cc<br>च्या.नं.MD2DSJNZZPCH84850<br>इ.नं.JNGBPH94006 | २००७ | रू.७,२००।- | दर्ता नहुने |
| ६ | ९४४ | मे३प ६२७ Suzuki 150cc<br>च्या.नं.MB8NG49AL98122439<br>इ.नं.G423-122497 | २००९ | रू.७,१५२।- | दर्ता नहुने |
| ७ | ६८६ | मे३प १६००,Bajaj 150cc<br>च्या.नं.MD2DHDHZZSCJ80816<br>इ.नं.DHGBSJ170842 | २००९ | रू.७,२००।- | दर्ता नहुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ६८६ | मे२प१२७३,Bajaj 178.60cc<br>च्या.नं.MD2DHDJZZPCG57904<br>ई.नं.DJGBPG14884 | २००७ | रू.७,२४८।- | दर्ता नहुने |
| ९ | ११०० | मे३प३१९२,Bajaj 178.60cc<br>च्या.नं.MD2DHDJZZSCL33002<br>इ.नं.DJGBSL52361 | २०१० | रू.७,२४८।- | दर्ता नहुने |
| १० | १०५७ | मे२प ५२१३,Yamaha 123.7cc<br>च्या.नं.04L4LS-417801<br>ई.नं. 4LS417801 | २००४ | रू.६,७२०।- | दर्ता नहुने |
| ११ | १०५३ | मे३प१८२९,Honda 150cc<br>च्या.नं.ME4KC093M98110544<br>ई.नं.KC09E-1112244 | २००९ | रू.७,००८।- | दर्ता नहुने |
| १२ | ९९८ | मे१पद५५४,Bajaj 143.90cc<br>च्या.नं.MD2DHZZNCG1179<br>ई.नं.DH6BNG5006 | २००६ | रू.७,२००।- | दर्ता नहुने |
| १३ | ७८७ | मे२प १३४,Yamaha 125cc<br>च्या.नं.07E5TSD-000066<br>ई.नं.5TSD000066 | २००७ | रू.५,७१२।- | दर्ता नहुने |
| १४ | ६८६ | मे१प९३८१,Bajaj 143.90cc<br>च्या.नं.MD2DHDZZNCM47684<br>ई.नं.DHGBNM85417 | २००७ | रू.७,२००।- | दर्ता नहुने |
| १५ | ९८१ | मे३प६१९२,Bajaja 220cc<br>च्या.नं.MD2DHDKZZTCE70385<br>ई.नं.DKGBTE71741 | २०१० | रू.७,२००।- | दर्ता नहुने |
| न्यूनतम जम्मा मूल्य (१३%VAT वाहेक) | | | | रू.३०३०८८।- | |

झापा जिल्ला अदालत भद्रपुर, झापा

## शर्तहरू:-

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि मिति २०७८/१०/०४ गतेसम्म कार्यालय समयभित्र रु.२,०००/-(फिर्ता नहुने) राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरी व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिई तहसिल शाखामा खरिद गर्न सकिनेछ।

२. खरिद भएको बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि मिति २०७८/१०/०४ गते कार्यालय समयभित्र बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अंकको १०% ले हुने रकम

यस अदालतको नामको राष्ट्रिय वाणिज्य बैंक, भद्रपुरको धरौटी खाता नं. २२१०१००१०२०३०००० मा राखी भौचर सहितको बोलपत्र पेश गर्नु पर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७८/१०/०५ गते दिनको २.०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिहरु र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्रमा दर रेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. म्याद नाघि आएको र रीत नपुगेको र सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

८. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानविन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले संझौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिइनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। प्रथम र द्वितीयको धरौटी १०% जफत गरिनेछ। बोलपत्र खुली कारवाही भएपछि बाँकी ९०% रकम धरौटी खातामा जम्मा गरी सोको हुने मूल्य अभिबृद्धि करसमेत तिरी ७ दिन भित्रमा उक्त मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिन भित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिने छ।

९. मालसामानको मोटरसाइकलको तोकीएको जम्मा न्यूनतम् मूल्य भन्दा घटि मुल्य लेखि ल्याएमा सो बोलपत्रलाई मान्यता दिइने छैन।

१०. पुनः प्रयोग गर्न नपाईने सवारी साधनहरु पत्रुका रुपमा आफ्नै खर्चमा टुक्रा टुक्रा पारी लैजानु पर्नेछ।

११. सवारी साधन दर्ता गर्दा लाग्ने नेपाल सरकारले तोकेबमोजिमको शुल्क बोलपत्रदाताले तिर्नु पर्नेछ।

१२. बोलपत्रदाताले लिलाम हुने जिन्सी मालसामानहरु कार्यालय समयभित्र यस अदालतमा हेर्न सकिनेछ।

१३. बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ।

१४. माथि उल्लिखित सवारी साधनहरु सवारी धनीहरुले धरौटी राखी फिर्ता लगेमा फिर्ता भएका सवारीसाधनहरु बाहेक अन्यको मात्र डाक लिलाम हुनेछ।

१५. यस सम्बन्धी थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिने छ।

जिल्ला अदालत भद्रपुर, झापा

गणेश पाण्डे
तहसिलदार(शाखा अधिकृत)

इति सम्बत् २०७८ साल पौष १९ गते रोज २ शुभम् -----------------------------------------------